पौवादुङमा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः- ८ | संख्याः- १ | मितिः-२०८१/०३/२८

## भाग-२

## पौवादुङमा गाउँपालिका

**प्रस्तावना :-** तहबृद्धि तथा तहमिलान सम्वन्धी कार्यलाई नियमित, व्यवस्थित, पारदर्शी र नियमसंगत बनाउन वाञ्छनीय भएकाले "स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १५१ बमोजिम" तह बृद्धि सम्बन्धी व्यवस्थालाई कार्यान्वयन गर्न यो कार्यविधी तयार गरी जारी गरिएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ :-** यस कार्यविधीको नाम "स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको तहबृद्धि सम्बन्धी कार्यविधी, २०८१" रहेको छ ।

(२) यो कार्यविधी कार्यपालिकाको निर्णय पश्चात स्थानीय राजपत्रमा प्रकाशित भए पछि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधीमा,

(क)“ऐन” भन्नाले कोशी प्रदेशले जारी गरेको “स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०”
लाई सम्झनु पर्दछ ।

(ख) “गाउँपालिका” भन्नाले पौवादुङमा गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ग) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले पौवादुङमा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(घ) “प्रदेश” भन्नाले कोशी प्रदेशलाई सम्झनु पर्दछ ।

(ङ) “प्रदेश लोक सेवा आयोग” भन्नाले कोशी प्रदेशको प्रदेश लोक सेवा आयोग सम्झनु पर्दछ ।

(च) “समायोजन ऐन” भन्नाले कर्मचारी समायोजन ऐन,२०७५ लाई सम्झनु पर्दछ ।

(छ) “मापदण्ड” भन्नाले स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको तहबृद्धि सम्बन्धी मापदण्ड-२०८० लाई
सम्झनु पर्दछ ।

(ज) “स्थायी पद” भन्नाले निवृतभरण वा योगदानमा आधारित निवृतभरण वा उपदान पाउने र म्याद नतोकिएको स्थानीय सेवाको पद सम्झनु पर्दछ ।

(झ) “तहवृद्धि” भन्नाले अध्यादेशको दफा ४(५), दफा ८ (१४), दफा ८ (१६) र दफा २७ बमोजिमका कर्मचारीहरुको तहवृद्धि गर्ने कार्यलाई सम्झनु पर्दछ ।

(ञ) “समिति” भन्नाले मापदण्डको दफा ४ बमोजिमको तहवृद्धिका लागि गठित समितिलाई सम्झनु पर्दछ ।

(ट) “अख्तियारवाला” भन्नाले स्थानीय सेवामा नियुक्ति, पदस्थापन र अवकासको निर्णय गर्ने अधिकारीलाई
सम्झनु पर्दछ ।

(ठ) “स्थानीय तह” भन्नाले पौवादुङमा गाउँपालिका सम्झनु पर्दछ ।

(ड) “कर्मचारी” भन्नाले पौवादुङमा गाउँपालिका अन्तर्गतको सेवाका पदमा बहाल रहेका स्थायी कर्मचारी सम्झनु पर्दछ । सो शब्दले कर्मचारी समायोजन ऐन २०७५ बमोजिम पौवादुङमा गाउँपालिकामा समायोजन भएका कर्मचारी साथै संघीय तथा प्रदेश लोकसेवा आयोगबाट सिफारिस भै पौवादुङमा गाउँपालिकामा स्थायी नियुक्ति भएका कर्मचारी समेतलाई जनाउँछ ।

(ढ) “गाउँकार्यपालिका” भन्नाले पौवादुङमा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

**३. सूचना प्रकाशन गर्ने :-** (१) यो कार्यविधि बमोजिम पौवादुङमा गाउँपालिकाको स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको तह बृद्धिका लागि कार्यालयले प्रत्येक वर्ष ऐनको दफा - २७ (३) बमोजिम

मंसिर १५ र जेष्ठ १५ सम्म सम्भाव्य उम्मेदवारहरुका लागि ३० दिनको म्याद दिई दरखास्त आह्वानको सूचना प्रकाशन गर्नेछ ।

(२) उपदफा (३) बमोजिम दरखास्त दिदा अनुसूची - १ बमोजिमको ढाँचामा दिनुपर्नेछ ।

(३) निवेदन साथ देहायका आवश्यक कागजातहरु माग गर्नु पर्नेछ ।

(क) पछिल्लो तीन बर्षमा कार्यसम्पादन मूल्याङ्कन फाराम बुझाएको कार्यालयको नाम स्पष्ट खुलाई लेखिएको सक्कल निवेदन,

(ख) सेवा अवधी पुष्टि गर्ने स्थायी नियुक्ति/बढुवा नियुक्तिको प्रतिलिपी,

(ग) स्थानीय तहमा समायोजन भएको पत्रको प्रतिलिपी,

(घ) विभागीय सजायँ नपाएको, निलम्बनमा नरहेको र सेवा अवधी पुरा भएको विवरण खुलाई सम्वन्धित कार्यालयले गरेको सिफारिस पत्र,

(ङ) पेशा सम्वन्धी व्यवसायी परिषदले उपलव्ध गराउने प्रमाणपत्रको प्रतिलिपी -आवश्यक हुनेहरुको हकमा मात्र)

(च) ऐनको दफा - २७ (४) बमोजिमको तहबुद्धि सिफारिस समितिको समितिले माग गरेका अन्य कागाजातहरु ।

(४) उपदफा (३) बमोजिम प्रकाशित सूचना गाउँपालिकाको सूचना पाटी, वडा कार्यालयहरुको सूचना पाटी र गाउँपालिकाको वेव साइटमा प्रकाशन गरिनेछ ।

**४. सिफारिस समिति :-** ( १) ऐनले तोकिए बमोजिम गाउँपालिकामा स्थानीय तहमा कार्यरत स्थायी कर्मचारीहरुको तहबृद्धि तथा तहमिलान गर्न ऐनको दफा २७ (४) बमोजिमको सिफारिस समिति रहनेछ ।

(२) सिफारिस समितिको काम कर्मचारी प्रशासन शाखाले गर्नेछ ।

(३) उपदफा १ बमोजिमको समितिले बैठक कार्यविधि आफै तय: गर्न सक्नेछ ।

(४) समितिको बैठकमा अन्य शाखा प्रमुखलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सक्नेछ ।

(५) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) सूचना अवधि भित्र परेका आवेदन तथा कागजातहरुको छानविन गर्ने,

(ख) यस कार्यविधी भित्र पर्ने आवेदक कर्मचारीहरुको स्तरवृद्धि तथा तहमिलानका लागि निर्णय सहित अख्तियारवाला समक्ष सिफारिस गर्ने ।

**५. यस कार्यविधी अनुरुप तहबृद्धि भएका कर्मचारीलाई** अनुसूचि २ बमोजिमको ढाँचामा तहबृद्धि तथा तहमिलानको नियुक्ति पत्र दिइनेछ ।

**६. आवश्यक न्यूनतम योग्यता र सेवा अवधि :-** स्थानीय तहमा कार्यरत कर्मचारीहरुको तहबृद्धि गर्दा ऐनले तोकिए बमोजिमको न्यूनतम योग्यता र सेवा अवधि पुगेको कर्मचारीको तहबृद्धि गरिनेछ ।

**७. तह वृद्धिका आधार** :- (१) तह वृद्धिका आधारहरु देहाय बमोजिम हुनेछ ।

(क) ऐनमा तोकिए बमोजिमको योग्यता पुगेका स्थानीय तहमा कार्यरत स्थायी कर्मचारीहरुको एक पटकको लागि एक तहवृद्धि तथा तहमिलान गरिनेछ ।

**८. स्थानीय सरकारी सेवाको गठन :-** (१) स्थानीय सरकारी सेवामा कार्यरत कर्मचारीहरुको सेवा/समुह ऐनको दफा - (३) को उपदफा - (१) र (२) बमोजिम कायम गरिनेछ ।

**९. तह वृद्धि/तहमिलान सम्बन्धी विशेष अवस्था :-** (१) देहायको अवस्थामा कर्मचारीको एक तहवृद्धि गरिनेछ ।

(क) ऐनको दफा - ८ (१३) बमोजिम चौथो तहका सहायक कम्प्युटर अपरेटर पदमा कार्यरत कर्मचारीलाई

पाँचौ तहमा स्वत : तहबुद्धि गरिने छ ।

(ख) ऐनमा तोकिए बमोजिम निजामती सेवा बाहेकका स्थानीय तहमा कार्यरत तथा अन्य सेवाबाट स्थानीय

तहमा समायोजन भएका कर्मचारीहरुलाई ऐनको दफा - २७ (१) र (३) बमोजिम नियमानुसार एक

तहबृद्धि गरिनेछ ।

(ग) ऐनको दफा - ६ र ७ बमोजिम तहबृद्धि र बढुवा द्वारा पूर्ति हुने पदसंग सम्वन्धित संगठन संरचना र दरबन्दी स्वीकृत भए/नभएको एकिन गरी उक्त पद प्रदेश किताबखानामा दर्ता भई सोको जानकारी सम्वन्धित स्थानीय तहमा प्राप्त भएको हुनु पर्नेछ ।

(घ) ऐनको दफा - ८ (१) बमोजिम स्थानीय सरकारी सेवाको अधिकृत छैटौ/आठौ (स्थानीय स्वास्थ्य सेवाको चिकित्सक बाहेक) र अधिकृत दशौं तहमा मात्र ऐनको दफा - २७ बमोजिम तहबृद्धि गरिनेछ ।

(ङ) ऐनको दफा- ८ (१) बमोजिम कार्यक्षमताको मूल्याङ्कन तथा जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन बढुवा द्वारा पदपूर्ति हुने पदका सम्वन्धमा स्थानीय तहहरुले पदपूर्तिका लागि रीक्त पदहरुको एकमुष्ठ माग पठाए पश्चात आयोगले कानून बमोजिम प्रतिशत निर्धारण गरी उल्लेखित तरिकाको बढुवा द्वारा पदपूर्ति हुने पदमा पदसंख्या छुट्टयाईएको लिखित जानकारी प्राप्त भए पछिमात्र ऐनको दफा - ३८ बमोजिमको बढुवा समितिमा पदपूर्तिका लागि पेश गरिनेछ ।

(च) ऐनको दफा - २७ को उपदफा (४) बमोजिम गठित तहबृद्धि सिफारिस समितिलाई तहबृद्धि सम्वन्धी निर्णय लिन द्विविधा उत्पन्न भएमा ऐनको दफा - ३८ बमोजिमको बढुवा समितिमा परामर्शका लागि पेश गरिनेछ ।

(छ) ऐनको दफा - ८ को उपदफा (१७) बमोजिम तहमिलान गर्दा लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगबाट स्थानीय तहको छैटौ तहमा सिफारिस भई नियुक्त भएका कर्मचारीलाई एक पटकका लागि सातौ तहमा तहमिलान गरिनेछ ।

(ज) ऐनको दफा - ८ (१७) बमोजिम तहमिलान गर्दा कुन मितिबाट जेष्ठता कायय हुने गरी गर्ने भन्ने सम्वन्धमा स्पष्ट व्यवस्था नभई द्विविधा भएको विषयमा नेपालको संविधानको मर्म बमोजिम संघीय शासन प्रणालीमा कानूनको तहगत श्रृङ्खलालाई आत्मसात गर्दै प्रदेश निजामती सेवाको प्रमुख कर्मचारी व्यवस्थापक निकायको रुपमा रहेको मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय तथा प्रदेश लोकसेवा आयोगको परामर्श लिइनेछ ।

(झ) ऐनमा तोकिए बमोजिमको समितिबाट सिफारिस भए अनुसार तहबृद्धि हुने कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरी नियुक्ति पत्र दिनेछ ।

(ञ) **कामकाजमा खटिएका कर्मचारी सम्बन्धी व्यवस्था :-** कोशी प्रदेश बाहिर कामकाजमा खटिएका तर कोशी प्रदेश अन्तर्गत दरबन्दी भएका कर्मचारीको दरबन्दी भएको स्थानीय तहमा तह बृद्धि हुनेछ । एक स्थानीय तहबाट अर्को स्थानीय तहमा खटिएका कर्मचारीको हकमा दरबन्दी / पदाधिकार रहेको कार्यालयमा तहबृद्धि गरिनेछ ।

**१०. तहबृद्धि गर्नुपर्ने :-** ऐनमा तोकिए बमोजिम तहवृद्धिका लागि निवेदन दिईएका कर्मचारीहरुको तह बृद्धिको लागि ऐनको दफा - २७ (४) बमोजिम समितिले दरखास्त दिने म्याद सकिएको ७ दिन भित्र तहबृद्धिका लागि सिफारिस गरी सक्नु पर्नेछ र सो सिफारिस प्राप्त भएको ७ दिन भित्र ऐनको दफा - २७ (१) र (३) बमोजिम कार्यपालिकाले निर्णय गरी नियमानुसार तहबृद्धिको पत्र दिईनेछ ।

**११. जेष्ठता कायमः-** (१) ऐनको दफा - ८ (१३) र ८ (१६) बमोजिम हुने बढुवाको निर्णय भएकै मितिदेखि जेष्ठता कायम हुने व्यवस्था मिलाईनेछ ।

(२) ऐनको दफा - ८ (१७) बमोजिम तहमिलान हुने छैटौ तहका कर्मचारीको जेष्ठता सुरु नियुक्ति भएको मितिलाई कायम गरिनेछ ।

(३) ऐनको दफा - २७ (१) र (३) बमोजिम माघ र साउन महिनामा हुने तहबृद्धि सम्वन्धी निर्णय मितिलाई कायम गरिनेछ ।

**१२. बाधा अडकाउ फुकाउनेः-** कार्यविधीको कार्यान्वयनमा कुनै बाधा अडकाउ उत्पन्न भएमा बाधा अडकाउ फुकाउने अधिकार ऐनको दफा - २७ (४) बमोजिम हुनेछ ।

**१३. तहबृद्धि हुन नसक्ने अवस्थाः-** (१) ऐनको दफा ३० बमोजिम देहायको अवस्थाका कर्मचारीहरुको तहवृद्धि हुन नसक्ने तथा रोक्का हुनेछ ।

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) तहबृद्धि वा बढुवा रोक्का भएकोमा तहवृद्धि वा बढुवा रोक्का भएको अवधिभर,

(ग) तलब बृद्धि रोक्का भएकोमा तलब बृद्धि रोक्का भएको अवधिभर,

(घ) असाधारण विदा वा अध्ययनमा बसेकोमा सो विदाको अवधिभर,

(ङ) स्वास्थ्य सेवाको कर्मचारीको हकमा प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धी व्यवसायिक परिषदमा नाम दर्ता निलम्बन भएको भए त्यस्तो निलम्बनको अवधिभर,

(च) दफा ४१ बमोजिम सेवा वा समूह परिवर्तन गरेको कर्मचारी भए त्यसरी सेवा वा समूह परिवर्तन भएको
मितिले तीन वर्षको अवधिभर ।

**१४. तह बृद्धि भएका कर्मचारीको सेवा, सुविधाः -** (१) यस कार्यविधी बमोजिम तहवृद्धि गर्दा सम्बन्धित कर्मचारीले खाईपाई आएको तलब भन्दा घटी हुने भएमा खाईपाई आएको तलब भन्दा घटी नहुने गरी ग्रेड मिलान गरिनेछ ।

(२) मन्त्रालय तथा गाउँसभाबाट स्वीकृत स्थायी पद तथा दरबन्दी अनुसारका कर्मचारीहरुको ऐन, को
दफा ५७ (७) मा भएको व्यवस्था अनुसार स्थानीय सरकारी सेवाका कर्मचारीहरुले पाउने सेवा
सुविधा ऐन कार्यान्वयन नहुन्जेलसम्म यस कार्यालयबाटै भुक्तानीको व्यवस्था मिलाईने छ ।

**१५. जानकारी दिनु पर्नेः-** यस कार्यविधी बमोजिम कार्यालयले गरेको तहबृद्धिको जानकारी निर्णय भएको मितिले ऐनको दफा - २७ (७) मा तोकिए बमोजिम पन्ध्र दिन भित्रमा प्रदेश किताबखाना र प्रदेश लोक सेवा आयोगलाई दिनु पर्नेछ ।

**१६. सार्वजनिक गर्ने :** तहबृद्धि भएका कर्मचारीहरुको विवरण गाउँपालिकाको आफ्नो सूचना पाटी र वेभसाईटमा अनिवार्य रुपमा राख्ने व्यवस्था मिलाईनेछ ।

**१७. सचिवालय :** तहबृद्धि सम्वन्धी कार्य गर्न सचिवालयको व्यवस्था गरिनेछ र सो सम्वन्धी काम कार्यालयको प्रशासन शाखाले गर्नेछ ।

**१८. उजुरी/गुनासो :-** तह बृद्धिको निर्णय उपर चित्त नबुझेमा सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र प्रदेश लोक सेवा आयोगमा उजुरी/गुनासो गर्न सकिनेछ ।

**१९. प्रचलित कानून बमोजिम हुने :-** यस कार्यविधीमा उल्लेख भएको विषयमा ऐन बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**२०. खारेजी र बचाउ :** प्रदेश सरकारबाट जारी भएको अध्यादेश बमोजिम यस गाउँपालिकाबाट तयार गरी स्वीकृत गरिएको " स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको तहबृद्धि सम्वन्धी मापदण्ड, २०८०" लाई खारेजी गरिएको छ। साथै कोशी प्रदेश सरकार द्वारा जारी भएको "स्थानीय सरकारी सेवा -गठन तथा सञ्चालन) अध्यादेश, २०८० एवं यस गाउँपालिका द्वारा तयार गरिएको "स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको तहबृद्धि सम्वन्धी मापदण्ड, २०८०" बमोजिम संघीय लोक सेवा आयोग द्वारा सिफारिस भई यस गाउँपालिकामा कार्यरत अधिकृत छैटौ तहका कर्मचारीहरुको सुरु नियुक्ती मितिदेखि नै जेष्ठता कायम हुने गरी तह कायम भएको र स्वंत तहबृद्धि भएका अन्य कर्मचारीहरुको तह कायम र तहबृद्धि सम्वन्धी भए गरेका काम कारवाहीहरु यसै कार्यविधी बमोजिम भएको मानिनेछ ।

<u>अनुसूची</u> - १

स्थानीय सरकारी सेवामा कार्यरत कर्मचारीहरुको तह बृद्धि सम्बन्धी कार्यविधी-२०८१ को
दफा - ३ (२) बमोजिमको निवेदनको ढाँचा

मितिः...................

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
पौवादुङमा गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय च्याङ्ग्रे, भोजपुर ।

विषय : <u>तहबृद्धि सम्बन्धमा</u> ।

महोदय,

प्रस्तुत विषयमा कोशी प्रदेश सरकारद्धारा मिति २०८०।०९।२२ गते जारी गरिएको “**स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०” को दफा**............................................ बमोजिम “निजामती सेवा बाहेक अन्य सेवाबाट स्थानीय तहमा समान पदमा सिफारिस एवं समायोजन भई आएका स्थायी कर्मचारीको यो ऐन जारी हुदाँका बखतसम्म तह बृद्धि नभएका कर्मचारीहरुलाई एक पटकको लागि एक तह बृद्धि गरिनेछ” भनि ऐन जारी भएको हुदाँ हालसम्म मैले कुनै पनि तहमिलान बढुवा तथा तहबृद्धि नलिएको हुँदा कार्यालयबाट मिति ..................... मा जारी भएको सूचना अनुसार हालको पदमा एक तह माथिको तहबृद्धिका लागि आवश्यक सम्पूर्ण कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु ।

निवेदक/निवेदिका

<u>निवेदनका साथ पेश गरिएको कागजातहरु</u> :
१ लोकसेवा आयोगको सिफारिस पत्र वा सुरु नियुक्ति पत्र
२ समायोजन पत्र
३ न्यूनतम शैक्षिक योग्यताको प्रतिलिपि
४ स्वःघोषणा पत्र
........................
५. पछिल्लो तीन आ. व. को का. स. मु.
६. विभागीय सजायँ नभएको पत्रहरु ,

कर्मचारीको नाम, थरः .......................
क.स.नं. ..........................
हालको पदः ....................................
तह/श्रेणी : .......................
सेवा/समुह÷उपसमुहः
दस्तखत :

अनुसुची-२

स्थानीय सरकारी सेवामा कार्यरत कर्मचारीहरुको तह बृद्धि सम्बन्धी कार्यविधी - २०८१ को दफा १० सँग सम्बन्धित

विषयः तह बृद्धि/तहमिलान गरिएको सम्बन्धमा ।

महाशय,

कार्यालयको मिति ………………………………को निर्णयानुसार कोशी प्रदेश, स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा……………… तथा पौवादुङमा गाउँ कार्यपालिकाको कार्यालयबाट जारी भएको स्थानीय सरकारी सेवामा कार्यरत कर्मचारीहरुको तह बृद्धि सम्बन्धी कार्यविधी - २०८१ को दफा …… बमोजिम तपाईलाई मिति…………… गते देखि जेष्ठता कायम हुने गरी एक तह बृद्धि गरिएको छ ।

तपाईलाई प्राप्त जिम्मेवारी राष्ट्र, जनता र सरकार प्रति कर्तव्यनिष्ठ भई प्रचलित ऐन / कानुनको परिधिमा रहेर पारदर्शी, निष्पक्ष र अनुशासित भई सकारात्मक सोच र उर्जाका साथ कार्यसम्पादन गर्नु हुनेछ भन्ने अपेक्षा सहित तहबृद्धि हुनु भई………………तह कायम हुन भएकोमा हार्दिक बधाई तथा शुभकामना ।

**तपसिलः**

| **साविकको :** | **हाल कायम गरिएको :** |
|---|---|
| सेवाः | सेवाः |
| समूहः | समूहः |
| पदः | पदः |
| तहः | तहः |
| कार्यालयः | कार्यालयः |

श्री……………………………………

कर्मचारी संकेत नं……………………

……………………

प्रमुख प्रशासकीय

अधिकृत

बोधार्थः

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (स्थानीय तह कर्मचारी प्रशासन शाखा)
सिंहदरबार, काठमाडौं ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कोशी प्रदेश, विराटनगर ।
श्री राष्ट्रिय किताबखाना (निजामती) पुल्चोक,ललितपुर ।
श्री प्रदेश लोक सेवा आयोग, विराटनगर, मोरङ ।
श्री प्रदेश किताबखाना, विराटनगर, मोरङ ।
श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाडौँ ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, भोजपुर ।
श्री कर्मचारी संचयकोष, काठमाण्डौ/बिराटनगर/धनकुटा ।
श्री आर्थिक प्रशासन शाखा, पौवादुङमा गाउँकार्यपालिकाको कार्यालय, च्याङ्ग्रे, भोजपुर।

आज्ञाले,

नविन भट्टराई

प्रमुख प्रशासकीय अधिकृत